**Consulate General of India**
**Birgunj (Nepal)**
********

**Press Release**

As part of celebrations of Azadi ka Amrit Mahtosav (India @75) and to commemorate the 153rd Birth Anniversary of Mahatma Gandhi, the Consulate General of India in Birgunj organized a series of programs in the Consulate on October 02, 2022. About 80 people from different sections of the society including Business/ Industries, Journalists, members of civil societies, intellectuals and teacher/ students of different schools participated in the program.

2. The program started with singing of favorite Bhajan of Mahatma Gandhi “Raghupati Raghav Raja Ram” by the invited school students. It was followed by short speeches on different topics related to Mahatma Gandhi by about 11 students of various schools. A demo on using Charkha was also exhibited during the program by the members of Little Flower Leprosy center of Raxaul, distt- East Champaran, Bihar. Gandhi caps were also distributed among the participants by the Consulate.

3. Shri Chandrakishore Jha,Senior Journalist and Columnist of Nepal was the distinguished guest speaker of the program. During his speech, Shri Jha highlighted the works and deeds of Mahatma Gandhi. He underlined the impact of Mahatma Gandhi in struggles for freedom in different parts of the world including in Nepal. He further added that the principles of “Satya, Ahinsa and Satyagrah” propounded by Mahatma Gandhi in 20th century were still relevant to the world.

4. In his remarks, Consul General Shri Nitesh Kumar, highlighted the role of Mahatma Gandhi in Nation building. The path shown by Mahatma Gandhi is very relevant in the today’s world impacted negatively by conflicts, war and the pandemic. He further remembered the contribution of Shri Lal Bahadur Shastri who shares birthday with Mahatma Gandhi. Shastri Ji was a man of simplicity, modesty and high moral values.

Birgunj (Nepal)
October 03, 2022

*******

**भारतको महावाणिज्य दूतावास**

**बिरगंज (नेपाल)**

********

**<u>प्रेस विज्ञप्ति</u>**

आजादी का अमृत महतोसव (India@75) तथा महात्मा गान्धीको 153 औँ जन्मजयन्ती मनाउन, बीरगंज स्थित भारतको महावाणिज्य दूतावास द्वारा अक्टोबर 02, 2022 मा वाणिज्य दूतावास भित्र विभिन्न कार्यक्रमहरू आयोजना गरियो। उक्त कार्यक्रममा लगभग 80 जना उद्योग/व्यवसाय, पत्रकार, नागरिक समाजका सदस्य, बुद्धिजीवी तथा विभिन्न विद्यालयका शिक्षक/विद्यार्थी लगायत समाजका विभिन्न वर्गका व्यक्तिहरुको सहभागिता रहेको थियो ।

2. कार्यक्रमको शुभारंभ निमन्त्रित विद्यालयका विद्यार्थी द्वारा महात्मा गान्धीको मनपर्ने भजन "रघुपति राघव राजा राम" गाएर गरिएको थियो। त्यसपछि विभिन्न विद्यालयका करिब ११ जना विद्यार्थीले महात्मा गान्धीसँग सम्बन्धित विभिन्न विषयमा छोटो भाषण प्रस्तुत गरेका थिए । कार्यक्रममा बिहारको पूर्वी चम्पारण जिल्ला रक्सौलमा स्थित लिटिल फ्लावर कुष्ठरोग केन्द्रका सदस्यहरुद्वारा चरखा प्रयोग गर्ने तरिका पनि प्रर्दशित गरिएको थियो । वाणिज्य दूतावास द्वारा सहभागीहरुलाई गान्धी टोपी समेत वितरण गरिएको थियो ।

3. कार्यक्रमको विशिष्ट अतिथि वक्ता नेपालका वरिष्ठ पत्रकार तथा स्तम्भकार श्री चन्द्रकिशोर झा थिए । आफ्नो सम्बोधनका क्रममा श्री झा द्वारा महात्मा गान्धीको काम र कार्यबारे प्रकाश पारिएको थियो। उनले नेपाल सहित विश्वका विभिन्न भागमा भएको स्वतन्त्रता सङ्घर्षमा महात्मा गान्धीको प्रभावलाई जोड दिए । उनले २० औं शताब्दीमा महात्मा गान्धीले प्रतिपादन गरेका “सत्य, अहिंसा र सत्याग्रह” को सिद्धान्त अझै पनि विश्वका लागि सान्दर्भिक रहेको बताए।

4. कन्सुल जनरल श्री नितेश कुमारले आफ्नो टिप्पणीमा राष्ट्र निर्माणमा महात्मा गान्धीको भूमिका बारे प्रकाश पारे। द्वन्द्व, युद्ध र महामारीले नकरात्मक प्रभाव पारेको आजको विश्वमा महात्मा गान्धीले देखाएको बाटो निकै सान्दर्भिक छ । उनले महात्मा गान्धीसँगै एकै दिन जन्मदिन मनाउने श्री लालबहादुर शास्त्रीको योगदान बारे पनि स्मरण गरे। शास्त्री जी सादगी, नम्रता र उच्च नैतिक मूल्यवान व्यक्ति थिए।

बीरगंज (नेपाल)
अक्टोबर 03, 2022

********